का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ असोज २०८०,
सोमबार
16 October 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २६३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अलमलमा गगन–विश्व

शीर्ष नेताको गृहकार्यमा कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा अलमलमा छन् । गगन नेतृत्वले विवेक नपुऱ्याएको टिप्पणी गर्छन् भने विश्व शेखर कोइरालाको आलोचना । तर दुवैले कुन पक्ष ठिक भनेर ठोकुवा गरेका छैनन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ असोज

कोशी प्रदेशमा एमालेसहितको सरकार बनेको छ। मुख्यमन्त्री केदार कार्कीले एमाले सांसद रामबहादुर रानासहितको तीन सदस्यीय मन्त्रिपरिषद गठन गरेका हुन् । शनिबार मुख्यमन्त्रीमा नियुक्त भएका कार्कीले आइतबार इलामका कांग्रेस सांसद शम्शेर राईलाई पनि मन्त्रीमा नियुक्त गरे ।

सत्तारुढ गठबन्धनले मुख्यमन्त्री कार्कीलाई आफ्नो उम्मेदवार बनाउने घोषणा गर्दै एमाले बाहेकको प्रदेश मन्त्रिपरिषद् गठन हुने अपेक्षा गर्दै आएको थियो । संविधान धारा १६८ (५) अनुसार अनुसार कांग्रेसका ८ र एमालेका ३९ जना सांसदको समर्थनमा कार्की मुख्यमन्त्री भएका हुन् । कांग्रेसका सांसदहरु कांग्रेस नेता शेखर कोइराला निकटका हुन् । एमालेले कार्कीसँग तीन विषयमा सहमति पृष्ठ २ मा



व्यक्ति चयनमा संस्थागत प्रक्रिया न सभापतिले अपनाउनुभयो, न फरक विचार समूहको नेताले आफ्नो समूहभित्र साझा मत खोज्नुभयो । थोरै फरक, करिब उस्तै शैलीले पार्टीको हित हुन्न । जमाना बदलिएको छ, अब तपाईंहरु (शीर्ष नेतृत्व) बदलिनुस् ।

**विश्वप्रकाश शर्मा**
महामन्त्री, कांग्रेस

## देउवाको जोड : माओवादीसँग गठबन्धन निरन्तर

कोशीमा तत्कालीन संसदीय दलका नेता उद्धव थापालाई मुख्यमन्त्री बनाउने प्रयास असफल भएपछि कांग्रेस सभापति शेरबहादुर देउवाले माओवादी केन्द्रका इन्द्र आङ्बोलाई समर्थन गरेका थिए । अर्थात, माओवादी बाहेकको सरकारका लागि पहल हुनुपर्ने पार्टीभित्रकै आवाजलाई उनले अस्वीकार गरे र माओवादीको नेतृत्वमा सरकार बनाउन तयार भए ।

तर शेखर निकट केदार कार्कीले आफ्ना दलका ८ र एमालेका ३९ प्रदेश सांसदको समर्थनमा मुख्यमन्त्री दाबी गरे । उनको पक्षमा बहुमत भएपछि उनी मुख्यमन्त्री नियुक्त भए । आफ्नो निर्णय लागू नभएपछि पनि कांग्रेस सभापति देउवा नयाँ परिस्थिति अनुसार बदलिन भन्दा बदलिएको परिस्थितिलाई आफू अनुकुल बनाउने प्रयासमा लागे । कोशी प्रदेशमा बदलिएको परिस्थितिका विषयमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड समेतका उपस्थितिमा शेखर कोइरालालाई राखेर छलफल गरे । कोशी प्रदेशमा संघीय सत्ता गठबन्धनको उम्मेदवार पनि केदार कार्की नै भएको निर्णय गराए । एमालेले चाहे अनुसार हुन नदिने रणनीतिका लागि आधार तयार पारे ।

एमाले समेतको सहभागितामा कोशीमा कांग्रेसले सरकार बनाउँदा समेत संघीय सरकारको नेतृत्व गरिरहेका माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड एमालेको नीति कोशी प्रदेशमा फेल पृष्ठ २ मा

## शेखरको चाहना : एमालेसँग सहकार्य

संघीय सरकारको सत्ता गठबन्धनलाई कमजोर हुन नदिने भनी प्रचण्ड र शेरबहादुर देउवासँगै हस्ताक्षर गरेका शेखर कोइरालाले कोशी प्रदेशमा विद्रोह सफल भएपछि बनेको सरकारमा विद्रोहमा साथ दिनेहरुलाई मात्रै सहभागी गराए । तीन सदस्यीय मन्त्रिपरिषदमा मुख्यमन्त्री कार्कीले एमाले सांसद रामबहादुर राना र कांग्रेस सांसद शम्शेर राईलाई नियुक्त गरे । संघीय सत्ता चलाइरहेको गठबन्धन दलका अन्य कुनै सांसद परेनन् ।

नेताहरुका अनुसार कोशी प्रदेशको सरकार बनाएर शेखर कोइराला पक्षले एमालेसँगको सहकार्यको चाहना प्रकट गरेको छ । एमालेसँगको सहकार्यमा कांग्रेसभित्र मत बलियो बन्दै गएको टिप्पणी भइरहेका बेला शेखरले त्यस मतको नेतृत्व गर्न खोजेका छन् । नेकपा एमालेले पनि कांग्रेसलाई दुई ठूला दलको सहकार्यको लागि प्रस्ताव गर्दै आएको छ । आम चुनावबाट संघ, प्रदेश र स्थानीय तह तीन वटै तहमा पहिलो र दोस्रो ठूलो दल रहेका कांग्रेस र एमालेले सहकार्य गर्ने विषय प्रजातन्त्रको न्युनतम मान्यतको विरुद्धमा रहेको पृष्ठ २ मा

# न्यायालय लयमा हिंड्न थालेको दाबी



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २८ असोज

न्यायलय लयमा हिंड्न थालेको दाबी गरिएको छ । उच्च अदालत पाटनको नवनिर्मित भवनको आइतबार उद्घाटन गर्दै प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्यायपालिका स्वाभाविक लयमा हिँड्न थालेको बताए । 'न्यायपालिका स्वाभाविक लयमा हिँड्न थालेको छ । न्यायालय सुधारको मार्गमा उन्मुख भइरहेको छ' उनले भने ।

छिटो, छरितो र गुणस्तरीय न्याय सम्पादन तथा सेवा प्रवाह एवं सुशासन र जनआस्था अभिवृद्धिलाई केन्द्र विन्दुमा राखेर न्यायपालिका सुधारको अभियानमा अग्रसर भइरहेको उनको भनाइ छ ।

प्रधानन्यायाधीश श्रेष्ठले न्यायपालिकामा सुधारका संकेत देखापर्न थालेको बताए । सामूहिक प्रतिबद्धता, जिम्मेवारीप्रतिको समर्पण, लक्ष्यप्रतिको दृढ संकल्प र मिहिनेतले न्यायपालिकामा सुधार देखिएको दाबीमा ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जनले समर्थन जनाए ।

उनी थप्छन्, 'छिटो, छरितो र गुणस्तरीय न्याय सम्पादन तथा सेवा प्रवाह एवं सुशासन र जनआस्था अभिवृद्धिलाई केन्द्रबिन्दुमा राखेर न्यायपालिका सुधारको अभियानमा अग्रसर छ । सामूहिक प्रतिबद्धता, जिम्मेवारीप्रतिको समर्पण, लक्ष्यप्रतिको दृढ संकल्प र मेहनतले न्यायपालिकामा सुधारका रुपष्ट संकेतहरू देखापर्न थालेका छन् ।'

प्रधानन्यायाधीश श्रेष्ठले न्यायपालिकामा सुधारका स्पष्ट संकेत देखापर्न थालेको बताए । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## इजरायलमा पाँच नेपालीको शव प्राप्त

**काठमाडौं/मस–** प्यालेस्टाइनी विद्रोही समूह हमासले गत हप्ता इजरायलमा गरेको आक्रमणमा परी ज्यान गुमाएका १० मध्ये ५ जना नेपाली विद्यार्थीको शव प्राप्त भएको छ। तेल अविवमा रहेको नेपाली दूतावासले आइतबार एक विज्ञप्ति जारी गरेर यसबारे जानकारी दिएको हो ।

घोडाघोडी-४ कैलालीका नारायणप्रसाद न्यौपाने, जयपृथ्वी-६ बभाङका गणेशकुमार नेपाली, लेकाम-५ दार्चुलाका दिपेशराज विष्ट, बाउनिया-३ कैलालीका आशिष चौधरी र लोकेन्द्रसिंह धामीको शव प्राप्त भएको दूतावासले जनाएको छ । आक्रमणमा परी ज्यान गुमाएका अन्य नेपालीको शव प्राप्त हुने क्रममा रहेको दूतावासले जनाएको छ ।

आक्रमणमा परी घाइते भएका ४ मध्ये २ जना अस्पतालबाट डिस्चार्ज भएका र २ जनाको उपचार भइरहेको दूतावासले जनाएको छ । सम्पर्कविहीन अवस्थामा रहेका विपिन जोशीको खोजी भइरहेको दूतावासको विज्ञप्तिमा उल्लेख छ ।

## इजरायलको श्रम स्वीकृति स्थगित




**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले इजरायलमा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति बन्द गरेको छ । इजरायल-हमास युद्ध लम्बिने देखिएपछि इजरायलको श्रम स्वीकृति तत्कालका लागि बन्द गरिएको वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दहालले बताए ।

महानिर्देशक दाहालका अनुसार यसअघि नै श्रम स्वीकृति लिइसकेका र उडानको मिति निश्चित भइसकेकाहरूको पनि उडान रोकिएको छ। गत असोज २ गते पछिल्लो पटक दुई जना केयर गिभरको भिसा आएको थियो ।






# ‘कोशी प्रदेशको राजनीतिक संकट समाधान भयो’



**मोरङ/मस-** कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले शपथ लिएका छन् । उनलाई प्रदेश प्रमुख परशुराम खापुङ्गले पद तथा गोपनीयताको शपथ गराए ।

मुख्यमन्त्री कार्कीले कांग्रेसका शमशेर राई र एमालेका राम रानालाई समेटेर ३ सदस्यीय मन्त्रिपरिषद गठन गरेका छन् । राई र रानाले पनि आइतबार नै शपथ लिएका छन् । उनीहरुको मन्त्रालय भने तोकिएको छैन ।

संविधानको धारा १६८ को उपधारा ५ बमोजिम कार्की शनिबार मुख्यमन्त्रीमा नियुक्त भएका थिए । नेपाली कांग्रेसका २९ मध्ये ८ जना र एमालेका ३९ जना प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका कार्कीले एमालेलाई पनि सरकारमा सहभागी गराएका हुन् ।

यसैबीच मुख्यमन्त्री कार्कीले आफ्नो नेतृत्वमा प्रदेश सरकार गठन भएसँगै राजनीतिक संकट समाधान भएको बताएका छन् । प्रदेश प्रमुखको कार्यालयमा आइतबार पद तथा गोपनीयताको शपथ लिएपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले प्रदेशमा मध्यावधि निर्वाचन हुने सम्भावना सरकार गठनसँगै टरेको बताए ।

मख्यमन्त्री कार्कीले प्रदेशमा शान्ति, सद्भाव र समुदायबीच सौहार्द्रपूर्ण वातावरण कायम राख्नु सरकारको प्रमुख प्राथमिकता भएको बताउँदै त्यसका लागि छलफल, संवाद एवं वार्ताद्वारा समस्या समाधान गर्नुपर्नेमा जोड दिए । उनले सबै पक्षसँग सहमति कायम गरेर आफू काम गर्न प्रतिबद्ध रहेको बताए ।

# मोनाको पाँचौं अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न, अध्यक्षमा खड्का सर्वसम्मत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २८ असोज



म्याग्दी प्रवासी नेपाली संघ (मोना) अन्तर्राष्ट्रिय कार्यकारी समितिको अध्यक्षमा ददीवल खड्का सर्वसम्मत निर्वाचित भएका छन् । प्रवासमा रहेका म्याग्देलीको साझा संस्था मोनाको म्याग्दीको बेनीमा शुक्रबार र शनिबार गरी सम्पन्न मोनाको पाँचौं अन्तर ाष्ट्रिय महाधिवेशनले खड्कालाई अध्यक्षमा सर्वसम्मतरूपमा निर्वाचित गरेको हो ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घार पुर्ख्यौली घर भइ तीन दशकदेखि जापानमा व्यवसाय सञ्चालन गरिरहेका अध्यक्ष खड्काको नेतृत्वमा उपाध्यक्षमा सुर्जे भट्टचन, ई.नन्द गर्वुजा, हरि राम्जाली, दीपक कार्की, किसान जिसी र महिला उपाध्यक्षमा विष्णु बानियाँ चयन भएका छन् ।

त्यसैगरी महासचिवमा सुनेश केसी, सचिव हिक्मत श्रेष्ठ, निलमकुमार थापा, महिला सचिव संगीता थापा, कोषाध्यक्ष नरेन्द्र फगामी, सह कोषाध्यक्ष प्रेम छन्त्याल रहेका छन् । अधिवेशनले युवा संयोजक सचिन श्रेष्ठ, महिला संयोजक पूर्णिमा पाइजा, महिला उपसंयोजक नैना पुन तिलिजा र युरोप क्षेत्रीय संयोजक दिपु फगामीलाई चयन गरेको छ ।

मोनाको नेतृत्वका लागि उम्मेदवारी दर्ता गराएका प्रमुख सल्लाहकार मिम पुर्जाले एकता र सहकार्यका लागि समर्थन गरेसँगै सहमतिबाटै नेतृत्व चयन भएको हो । नवनिर्वाचित नयाँ कार्यसमितिलाई निर्वाचन समितिका संयोजक एवम् मोनाका संस्थापक अध्यक्ष प्रकाश पुनले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

शपथ ग्रहणलगत्तै मध्यान्ह राष्ट्रिय दैनिकसँग कुरा गर्दै नवनिर्वाचित अध्यक्ष खड्काले मोनालाई विश्वका विभिन्न मुलुकहरूमा समेत विस्तार गर्ने, प्रवासमा आर्जन गरेको सीप, पुँजी र प्रविधिलाई जिल्लाको विकास र समृद्धिमा सघाउन लगानीको रूपमा भित्राउन प्रतिबद्धता व्यक्त गरे । उनले मोनामार्फत सामाजिकसँगै मानवीय सेवाका अभियानसँगै जिल्लाका स्थानीय तहसँग समेत सहकार्य गरी अगाडी बढ्ने बताए ।

शुक्रबार बेनीको खुला मञ्चमा प्रतिनिधि सभा सदस्य खमबहादुर गर्वुजा (खम्बिर)ले महाधिवेशनको उद्घाटन गरेका थिए । उद्घाटन समारोह अघि बेनी बजारमा विभिन्न जातजाति, समुदाय र संघ संस्थाको पहिचान झल्कने झाँकीसहितको र्‍यालीले बजार परिक्रमा गरेको थियो ।

मोनाका अध्यक्ष अम्मर छन्त्यालको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्री रेसम जुग्जाली, संविधानसभा सदस्य थममाया थापा, रेसम बानियाँ, प्रदेश सदस्य द्वय हरि भण्डारी र विमला गौचनलगायतको उपस्थिति रहेको थियो । उद्घाटन कार्यक्रममा चिमखोलाको थाली नाच प्रस्तुत गरिएको थियो । शुक्रबार साँझ राष्ट्रिय तथा स्थानीय कलाकार हरूले सांगीतिक प्रस्तुति समेत दिएका थिए ।

अधिवेशनकै अवसरमा बेनीमा प्रथम मोना कप पालिकास्तरीय पुरुष र महिला भलिबलसहित मोना लभ्लीहिल मिनी म्याराथन दौड प्रतियोगिता सम्पन्न भएको थियो । पुरुष भलिबलको उपाधि बेनी नगरपालिकाले उचाल्दा मङ्गला गाउँपालिकाले उपविजेतामा चित्त बुझाउनु पर्‍यो । त्यसैगरी महिलातर्फको उपाधि अन्नपूर्ण गाउँपालिकाले जित्यो भने मालिक गाउँपालिका उपविजेता बन्यो । मोना म्याराथन प्रतियोगिताको उपाधि गोरखाका नवराज गुरुङले जितेका छन् । सदरमुकाम स्थित खुल्लामञ्चबाट भएको दौडमा गुरुङले निर्धारित दुरी १८ मिनेट ४६ सेकेन्डमा पूरा गरेका थिए भने धवलागिरि गाउँपालिका वडा नं ६ का बिराज परियारले १९ मिनेट ४९ सेकेन्डमा दुरी पार गर्दै उपविजेता बनेका थिए ।

विश्वका २८ राष्ट्रहरूमा मोना राष्ट्रिय कार्यकारी समिति गठन भइ २० हजारको हाराहारीमा सदस्य रहेको बताइन्छ । जिल्लाभित्र र विश्वका विभिन्न मुलुक (प्रवास)मा छरिएर रहेका म्याग्देलीहरुका बीच सम्बन्धको विकास गरी प्रवासमा आर्जित पुँजी, सीप र क्षमतालाई म्याग्दी जिल्लामा उपयोग गर्ने उद्देश्यका साथ २०६४ कात्तिक ५ गते बेनीमा भएको भेलाबाट मोनाका अवधारणाकर्ता प्रकाश पुनको अध्यक्षतामा २१ सदस्यीय म्याग्दी प्रवासी नेपाली संघ अन्तर ाष्ट्रिय समन्वय परिषद् गठन गरेको थियो ।

# न्याम्समा नर्स र पारामेडिक्सका ६३ दरबन्दी थप




**काठमाडौं/मस-** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) मा नर्स र पारामेडिक्सका गरी ६३ वटा दरबन्दी थप गरिएको छ ।

सोमबार सहकुलपतिसमेत रहेका स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतको अध्यक्षतामा बसेको सिनेट बैठकले ६३ दरबन्दी थप गरी तत्काल करारमा कर्मचारी राख्ने निर्णय गरेको हो ।

केही फार्मेसी सहायक, ३० जना स्टाफ नर्स, इलेक्ट्रिसियन चार, प्लम्बर छ जना, चालक, सहायक गरी १० जनाको दरबन्दी पनि स्वीकृत गरेको छ । न्याम्समा तीन जना सिनेट सदस्य थपिनुका साथै तीन जनालाई प्राज्ञिक परिषदमा नियुक्त गरिएको जनाइएको छ । बैठकले नाक, कान, घाँटीतर्फ स्पीच थेरापीका लागि एक जना अडियोलोजिष्ट, रेडियोग्राफर (एक्सरे गर्ने) पाँच, एनेस्थेसिया सहायक पाँच, ल्याब टेक्निसियन (पाँचौं तह) पाँच जनाको दरबन्दी स्वीकृत गरेको प्रतिष्ठानले जनाएको छ ।

# दशैंमा यातायातको सहज प्रबन्ध गर्न निर्देशन



**काठमाडौं/मस-** संसदको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले दशैंमा आफ्नो घर तथा दशैंको तयारीका लागि विभिन्न ठाउँमा जानुपर्ने यात्रुहरुका लागि यातायातको सहज व्यवस्था गर्न सम्बद्ध निकायलाई निर्देशन दिएका छन् ।

सभापति खतिवडाले आइतबार भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला, प्रहरी महानिरीक्षक, यातायात व्यवस्था विभागका महानिर्देशक, उपत्यका ट्राफिक प्रहरी प्रमुखलगायतलाई यातायातको सहज एवं सुलभ प्रबन्ध मिलाउन निर्देशन दिएका हुन् ।

दशैंका समयमा घर जान लागिरहेका नागरिकले बसको टिकट नपाउने या टिकट लिन समस्या हुने, बाटोमा यातायातको समस्या हुने, यातायातका लागि महंगोमा टिकट खरिद गर्नुपर्ने, रुटआदिका कारण यातायातमा समस्या हुने आदि गुनासो आउने गरेकाले नागरिकहरुको गुनासो आउन नदिई अहिल्यैदेखि यातायातको उचित र सुलभ प्रबन्ध गर्न उनले निर्देशन दिए ।

उनले सरोकारवाला निकायहरुसँग आवश्यक मात्रामा समन्वय र छलफल गरी तत्कालका लागि दशैं र त्यसपछि तिहार र छठ पर्वसम्मकै लागि यातायातको योजना बनाउन र सो व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न निर्देशन दिएका हुन् ।

दशैं, तिहार र छठ पर्वमा गाउँ फर्कने र गाउँबाट सहर आउने यात्रुहरुको लागि यातायातका सवारी साधन, सडक तथा ट्राफिक व्यवस्थापनमा ध्यान दिन र यसका लागि आवश्यक अन्य कार्यालयहरुसँग पनि प्रभावकारी समन्वय गर्न पनि उनले निर्देशन दिएका हुन् ।

# १९ बुँदे सम्झौता ऐनमा समावेश गर्न स्थानीय तहका कर्मचारीको माग



**काठमाडौं/मस-** स्थानीय तहका कर्मचारीले सरकारसँग भएको १९ बुँदे सम्झौता ऐनमा समावेश हुनुपर्ने माग गरेका छन् ।

स्थानीय तहका कर्मचारी र सरकारबीच शनिबार १९ बुँदे सहमति भएको थियो । स्थानीय तह कर्मचारी केन्द्रीय सङ्घर्ष समितिले आइतबार पत्रकार सम्मेलन गरी स्थानीय तहका कर्मचारी आठ वर्षसम्म ऐनविहीन अवस्थामा रहँदा वृत्ति विकासबाट वञ्चित भएको बताएका हुन् ।

पेसागत हकहितका लागि विभिन्न २० बुँदे माग उठाउँदै कर्मचारी गत असोज १९ गतेदेखि पेन डाउन गरेर सडकमा आएका थिए । उनीहरुले उठाएका २० वटा बुँदामध्ये सरकारले १९ बुँदामा सहमति जनाएको छ । पत्रकार सम्मेलनमा अहिलेका लागि आन्दोलनका कार्यक्रम स्थगित गरिएको घोषणा गरिएको हो ।

समितिका संयोजक दीपक गौतमले सरकारले ऐन ल्याएर वृत्ति विकासको बाटो खोल्नुपर्छ भनेर आन्दोलनमा होमिएको बताए । स्थानीय तहका कर्मचारीप्रति संघीय सरकारको जहिलेपनि फरक व्यवहार गरेको भन्दै उनले आपत्ति जनाए ।

समितिका सहसंयोजक ईश्वरबहादुर सिंहले सम्झौतामा समावेश भएका बुँदा ‘पहलकदमी लिने, आवश्यक परेको खण्डमा गरिने’ लाई लिएर धेरैले गुनासो गरेको भन्दै विचलित नहुन आग्रह गरे । उनले सरकारले संघर्ष समितिसँग गरेको सम्झौता संघीय निजामती ऐनमा समावेश नभएको खण्डमा थप आन्दोलन गर्ने चेतावनी दिए ।

# शे-फोक्सुण्डो भ्रमण गर्न कार्यकारी अधिकृत ढकालको आह्वान



**डोल्पा/मस-** डोल्पाको शे-फोक्सुण्डो गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमन ढकाल आजभोलि आफ्नो गाउँपालिकाका विभिन्न स्थान तथा समुदायहरू भ्रमण गर्नमा व्यस्त देखिन्छन् । ढकालले सबै नेपालीलाई आफ्नो पालिका भ्रमण गर्न आह्वन पनि गरेका छन् । करिब ५३०० मिटरको उचाईमा रहेको ‘शे’ पास हिमाल पुगेर आफैंले खिचेको तस्बिर सार्वजनिक गर्दै उनी लेख्छन्, ‘नेपाल सुन्दर देश हो भनेर लेखिन्छ, पढिन्छ । वास्तवमा नेपाल कति सुन्दर छ भन्ने कुरा आफूले अनुभूत गरेपछि मात्रै थाहा हुँदो रहेछ। माथिल्लो डोल्पाका बाटो गौँडाहरूमा, तालहरूमा, हिमालहरूमा, पाटनहरूमा, गाउँगाउँमा प्रशस्तै विदेशी पर्यटकहरू भेटिन्छन् । त्यसमा पनि प्राय: ६०/६५ वर्ष उमेर पार गरिसकेका मानिसहरू हुन्छन् । उनीहरू लाखौं, करोडौं रकम खर्चेर नेपालको सौन्दर्यताको अनुभूत गर्न आएका छन् । तर हामी आफ्नै देश घुमेका छैनौं, घुम्ने इच्छा गर्दैनौं । एकपटक सबैले आफ्नो देश घुमेर हेरौं, हाम्रो देश साँच्चैनै गर्व गर्न लायक छ । सबै नेपालीहरूलाई शे-फोक्सुण्डो गाउँपालिका भ्रमण गर्न आह्वान गर्दछु ।’

शे-फोक्सुण्डो गाउँपालिका ज्यादै नै भौगोलिक विकटता भएको स्थानीय तह भएपनि यहाँको भौगोलिक, सांस्कृतिक सौन्दर्यताले यहाँ आइपुग्ने पर्यटकहरू सबै दु:ख बिर्सेर साँच्चै नै मन्त्रमुग्ध भएको उनी बताउँछन् ।

## अलमलमा...

भएको र त्यसमा सरकारमा सहभागिताको विषय समेत रहेको जनाएको छ । उनीहरुले कार्की आफ्नो प्रतिबद्धतामा इमान्दार रहेसम्म समर्थन गर्ने जनाएको छ । त्यस अनुसार मन्त्रिपरिषद गठन भएको हो ।

संघीय सरकार चलाइरहेको सत्ता गठबन्धनले माओवादीको नेतृत्वमा कोशी प्रदेशमा सरकार बनाउने निर्णय लिएको थियो । सभापति शेरबहादुर देउवाको उपस्थितिमा भएको निर्णय अस्वीकार गर्दै शेखर कोइराला पक्षले कोशी प्रदेशमा एमालेसँग मिलेर नयाँ सरकार बनाएको हो । संघीय सत्ता फेरबदल हुन नदिन शेखरसहित देउवा र प्रचण्डले संघीय सत्ता समीकरणलाई कमजोर हुन नदिने सहमति गरेका छन् । शीर्ष नेताहरुको यस खाले गृहकार्यमा कांग्रेसका महामन्त्रीद्धय गगन थापा र विश्वप्रकाश शर्मा भने अलमलमा छन् । गगन थापा नेतृत्वले विवेक नपुर्‍याएको टिप्पणी गर्छन भने विश्व शेखर कोइरालाको आलोचना । तर। दुवैले कुन पक्ष ठीक भनेर ठोकुवा गरेका छैनन् ।

कोशीको गणितीय जटिलता र पहिचानको आन्दोलनलाई सम्बोधन गर्न आफू र अर्का महामन्त्री गगनकुमार थापाले एमालेसहित समाधान खोज्ने, तर गठबन्धन जोगाउने प्रस्ताव राखेको स्मरण गर्दै उनले सामाजिक सञ्जालमा लेखेका छन्, ‘सहकार्यको संस्कृति पालना गर्न हामीलाई निर्वाचनले नै निर्देशित गरेको स्थिति हो ।’

एक्लै कुन दलले सरकार बनाउन नसक्ने अवस्थामा नेतृत्वले निरन्तर सम्वाद गर्नुपर्ने उनलाई लाग्छ । ‘व्यक्ति चयनमा संस्थागत प्रक्रिया न सभापतिले अपनाउनुभयो, न फरक विचार समूहको नेताले आफ्नो समूहभित्र साझा मत खोज्नुभयो’ उनले अगाडि लेखेका छन्, ‘थोरै फरक, करिव उस्तै शैलीले पार्टीको हित हुन्न । जमाना बदलिएको छ, अब तपाईंहरु बदलिनुस् ।’

## देउवाको...

खाएको टिप्पणी गर्दै हिँडेका छन् । साथै, माओवादी केन्द्र, कांग्रेस, जनता समाजवादी, एकीकृत समाजवादी, जनमतलगायतका राजनीतिक दलहरूको सत्तारुढ गठबन्धन संसदको पूर्ण कार्यकाल कायम रहने दाबी गरिरहेका छन् । चितवनमा आइतबार आयोजित कार्यक्रममा प्रधानमन्त्री दाहालले केही दलहरूले गठबन्धन फुटाउन सकिन्छ कि भनेर लागेको तर त्यो सफल नहुने बताए ।

‘एकथरी मान्छेहरू छटपटिएका छन् । उनीहरूलाई के गरी यो गठबन्धनलाई कमजोर पार्ने, के गरी यो गठबन्धन उल्ट्याउने भनेर लागेका छन्,’ उनले भनेका छन्, ‘अब कहिल्यै पनि सत्तामा फर्किन पाइँदैन कि भनेर एकथरीहरू निकै विक्षिप्त भएको महसुस सबैले गर्नुभएको होला । तर संघीय सत्तागठबन्धन पूर्ण कार्यकाल रहने विश्वास दिलाउन चाहन्छु ।’

कोशी प्रदेशमा मुख्यमन्त्री नियुक्ति प्रकरण सत्तारुढ गठबन्धनभित्र खेल्न खोजेको रूपमा प्रधानमन्त्री प्रचण्डले अर्थ लगाएका हुन् ।

## शेखरको...

मत राख्नेहरु पनि छ । संसदीय व्यवस्थामा बलियो सरकार र बलियो प्रतिपक्ष दुवैको परिकल्पना गरिन्छ । सरकार बलियो हुने र प्रतिपक्ष कमजोर हुने अवस्थाले लोकतन्त्रलाई सही गति दिन नसक्ने तर्क गर्नेहरु एमाले र कांग्रेसको सहकार्यको विपक्षमा छन् । तर, परिस्थितिजन्य रुपमा कांग्रेस र एमालेको सहकार्य आवश्यक भएको शेखर कोइराला पक्षको मत रहेको छ ।

एमालेका नेताहरुले खुलेआम कांग्रेससँगको सहकार्यमा जोड दिँदै आएका छन् । कोशी प्रदेशमा मध्यावधिमा जानबाट रोक्न र सत्ता गठबन्धनलाई रोक्ने उपायका रूपमा शेखर पक्षसँग एमालेले सहकार्य गरेको हो ।

अर्को गठबन्धन उचित हुन्छ भन्ने लाग्छ भने संस्थागत छलफल गर्न महामन्त्री विश्वप्रकाश शर्माको प्रस्ताव छ । कोशी प्रदेशको राजनीतिक घटनालाई डढेलो बन्न नदिन संयमता र परिपक्वता देखाउन आवश्यक भएको उनको भनाइ छ । यसका लागि पार्टीमा छलफल गरेर संस्थागतरुपमा निर्णय गरेर अघि बढ्नु न्यायोचित हुने उनको भनाइ छ ।

उनले गठबन्धन गरेपछि राम्रो नराम्रो सबै कुरामा सहमति र एकताको खाँचो हुने बताए । उनका अनुसार कोशी ढुक्कै कांग्रेसको भागमा, कर्णाली माओवादीको या मधेश पुरै जसपाको भन्ने कुनै सहमति भएको छैन । सबै प्रदेशमा आलोपालो हुने हो । परिपक्व ढंगले यो व्यवस्थापन गर्न नसके गठबन्धनमा समस्या आउने उनको भनाइ छ ।

## न्यायलय...

उनले सामूहिक प्रतिबद्धता, जिम्मेवारीप्रतिको समर्पण, लक्ष्यप्रतिको दृढ संकल्प र मिहिनेतले न्यायपालिकामा सुधार देखिन थालेको बताए ।

न्यायिक सुधारलाई फराकिलो बनाउन पनि प्रधानन्यायाधीश श्रेष्ठले आग्रह गरे । नेपालको संविधानले प्रत्याभूत गरेको स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको मूल्य मान्यतालाई अक्षुण राख्दै छिटो, छरितो, स्वच्छ, निष्पक्ष, सुलभ, गुणस्तरीय एवं प्रभावकारी न्याय सम्पादनको माध्यमबाट सबैलाई न्याय सुनिश्चित गर्नुपर्ने प्रधानन्यायाधीशको भनाइ थियो ।

सुशासन र गुणस्तरीय सेवा प्रवाहमार्फत न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्नुपर्ने उनको भनाइ छ । मानव अधिकार तथा संविधान प्रदत्त नागरिकका मौलिक हक अधिकारहरूको संरक्षण प्रत्याभूतिमा समेत थप प्रभावकारिता आउने विश्वास गरे ।

ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जनले पनि न्यायलय लयमा हिँड्न थालेको दाबीमा समर्थन जनाए । उनले उच्च अदालत पाटनको कामकारबाहीप्रति आफूहरू खुसी रहेको बताए ।

उनले भने, ‘उच्च अदालत पाटनसँग हामीले थुप्रै बिन्दुहरूमा सहकार्य गरेका छौं । त्यो राम्रो छ । हामी खुसी छौं ।’

**दशैंभर बन्दी प्रत्यक्षीकरणको रिट सुनुवाइ**


दशैंभर सर्वोच्च अदातलमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन सुनुवाइ हुने भएको छ । कुनै व्यक्तिलाई गैरकानुनी रूपमा थुनामा राखिएको अवस्थामा बन्दी प्रत्यक्षीकरण रिट जारी गरिन्छ । यस रिटले कुनै व्यक्ति गैरकानुनी रूपमा थुनामा परेको हो वा होइन भन्ने मात्र हेर्छ ।

अनाधिकृत ढंगले वा अधिकार नपाएको व्यक्तिले वा कानुनले तय गरेको कार्यविधि नपुर्‍याइ कुनै व्यक्तिलाई बन्दी बनाइएको छ भने अदालतले त्यस्तो व्यक्तिलाई थुना मुक्त गर्ने आदेश दिन्छ । जसले कानुनको शासन प्रवर्द्धनमा जोड दिन्छ ।

यस किसिमको रिट दशैंभर हुने भएको हो । दशैंको अवधिमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन सुनुवाइ प्रत्येक दिन बिहान ११ देखि ३ बजेसम्म हुनेछ । दशैंको घटनस्थापनादेखि कोजाग्रत पूर्णिमाका दिनसम्म अदालत बन्द हुन्छ ।

सर्वोच्च अदातलले आइतबार सूचना प्रकाशित गरी बन्दी प्रत्यक्षीकरण रिट सुनुवाइ गर्ने न्यायाधीशको सूची समेत तय गरेको छ ।

# खसी-बोकाको स्वास्थ्य परीक्षण गर्न पशु चिकित्सकसहितको टोली परिचालन



**काठमाडौं/मस-** पशुसेवा विभागले काठमाडौं उपत्यकाका ११ स्थानमा पशु चिकित्सकसहितको टोली परिचालन गर्ने भएको छ । चाडपर्वका अवसरमा उपभोक्तामा स्वस्थ्यकर एवं गुणस्तरीय मासु बिक्री वितरण गराउने उद्देश्यले पशुपक्षीको स्वास्थ्य परीक्षणका लागि टोली परिचालन गर्ने भएको हो । उक्त टोलीले पशुपक्षीबाट नमूना संकलन, रोग निदान र उपचार समेत गर्नेछ ।

विभागका महानिर्देशक डा.उमेश दाहालले आइतबार विज्ञप्ति जारी गरी कलंकी खसी बजार, बल्खु कालिमाटी माछा बजार, चोभार नाका, चाल्नाखेल राँगा बजार, टुकुचा खसी बजार, खाद्य संस्थान, लोकन्थली खसी बजार, साल्लाघारी च्याङ्ग्रा बजार, बालाजु बाइपास नाका, लगनखेल, धापाखेल, आकाशे धारा, थानकोट, दहचोक, मूलपानीमा टोली परिचालित हुने जानकारी दिए ।

नमूना संकलनपछि स्वस्थ्य देखिएमा हरियो रङ र रोगी देखिए रातो संकेत गर्ने व्यवस्था मिलाइएको छ । गतवर्ष घटस्थापनादेखि नवमीका दिनसम्म मासुका लागि कूल ५४ हजार पशु काठमाडौं भित्रिएका थिए । विभागले स्वस्थ्यकर र फुर्तिलो खसी, बोका, राँगा छनोट गर्न र मासु उत्पादन र बिक्री वितरण गर्दा सरसफाइमा ध्यान दिन पनि आग्रह गरेको छ ।

**खसीबोका प्रदर्शनी**

दशैंको अवसरमा पोखरा महानगरपालिकाको आयोजनामा तेस्रो खसीबोका प्रदर्शनी गरिने भएको छ । बाख्रापालन व्यवसायलाई प्रोत्साहित गर्दै यसतर्फ आकर्षण बढाउने उद्देश्यका साथ पोखरा महानगरपालिका वडा नं २८ को सौर्यबजारमा यही असोज ३० गते खसीबोका प्रदर्शनी गर्न लागिएको पोखरा महानगरपालिका पशुसेवा शाखाका प्रमुख नवराज अधिकारीले जानकारी दिए । यसअघि पनि सोही स्थानमा महानगरपालिकाको आयोजनामा २०७६ सालको दशैं र गत वर्ष खसीबोका प्रदर्शनी गरिएको जानकारी दिँदै उनले गत वर्ष स्थानीय किसानका ६५ वटा खसीबोका प्रदर्शनीमा राखिएको बताए ।

किसानले पालेका खसीबोकाको उचित मूल्यसहित बजारीकरणका साथै पशुपालनलाई प्रवर्द्धन र किसानलाई प्रोत्साहन गर्न प्रदर्शनी आयोजना गरिएको उनले बताए । महानगरपालिकाले उक्त क्षेत्रमा व्यावसायिक बाख्रापालनका लागि अनुदान समेत उपलब्ध गराउँदै आएको छ ।

# सरकारले अर्थतन्त्रलाई लयमा फर्काउन सकेन : उपाध्यक्ष पौडेल

**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, २८ असोज



नेकपा एमालेका उपाध्यक्ष एवं पूर्वअर्थमन्त्री विष्णु पौडेलले वर्तमान सरकार असफल भएको आरोप लगाएका छन् । देशका सबैजसो सूचांकहरु सन्तोषजनक नरहेको भन्दै सरकार असफल भएको बताए । यस्तै राष्ट्रपति रामचन्द्र पौडेलका पछिल्ला गतिविधिहरू पदीय मर्यादा विपरित भइरहेको पौडेलले बताए । राष्ट्रपतिले देशको अभिभावकीय जिम्मेवारी निभाउन नसकेको उनको जिकीर छ । विजयादशमीको अवसरमा आइतबार नेकपा एमाले रुपन्देही निर्वाचन क्षेत्र नं. ५ द्वारा आयोजित शुभकामना आदान-प्रदान तथा चियापान कार्यक्रममा गैडहवामा बोल्दै पौडेलले भने,'उहाँ राष्ट्रको अभिभावक हो । जनताले अभिभावकको रुपमा महसुस गर्न पाएका छैनन् ।'

पौडेलले सरकारले अपराधीलाई प्रोत्साहन गरेर पीडितलाई तर्साउन खोजेको उनले जिकिर गरे । वर्तमान सरकारले संविधानको बर्खिलाप गरेको समेत पौडेलको भनाइ छ । दिनदहाडै खुँडा प्रयोग गरेर हत्या गर्ने अपराधीलाई सरकारले रिहाइ गरेर सत्ताको पूर्णरुपमा दुरुपयोग गरेको उनको भनाइ छ । 'अहिले देशमा नागरिकलाई सरकार छ कि छैन् ? भन्ने भइरहेको छ',उनले भने,'राजनीतिलाई अपराधिकरण गरियो । सरकारका गलत निर्णयले जनता प्रताडित भइसके ।' हत्याराहरु खुलेआम बाहिर निस्केर अविरजात्रा गरिरहँदा जनतालाई शान्ति सुरक्षाको अनुभूति हुन नसकेको उनले जिकिर गरे ।

नेपाली कांग्रेसभित्रको विवाद मिलाउनतर्फ राष्ट्रपति सक्रिय बनिरहेको समेत पौडेलले आरोप लगाए । प्रचण्ड नेतृत्वमा देशमा अराजक गतिविधि बढेको र देशको अर्थतन्त्र धेरै कमजोर बनेको बताए । मुलुकको अर्थतन्त्रको ढाँड भाँचिएको अवस्थामा पनि सरकार गम्भीर बन्न नसकेको उनले बताए । देशमा आर्थिक विकास र समृद्धि, सुशासनका क्षेत्रमा कहालीलाग्दा समस्याका चाङहरू हुँदा समेत सरकारको ध्यान सत्तामा बस्न र टिक्नमा मात्र केन्द्रित रहेको दावी गरे ।

'मुलुकको अर्थतन्त्रलाई चान्ने चुन्ने उपचार गरेर होइन, मेजर अपरेशन गर्नुपर्ने अवस्था रहेको स्वयं प्रधानमन्त्रीले भनिरहनुभएको छ । सरकारल् अपरेशन त परै जाओस् सिटामोल समेत दिनका सकेको छैन । अर्थतन्त्रलाई लयमा फर्काउन सरकारले काम गरेन् ।'

'कर्मचारीले ऋण गरेर तलब खुवाउनुपर्ने अवस्था छ। निर्माण सम्पन्न गरेका आयोजनाहरुको भुक्तानी गर्न सकेको छैन । पेन्सन र सामाजिक सुरक्षा खुवाउनु आन्तरिक ऋण लिनुपर्ने अवस्थाले अर्थतन्त्र असाधारण अवस्थामा पुगेको छ सरकार गम्भीर हुनुपर्‍यो' उपाध्यक्ष पौडेलले थपे । उनले सरकारले आर्थिक क्षेत्रमा रहेको बेथितिको संरक्षण गरेको बताए । नेता पौडेलले अहिलेको देशको अर्थतन्त्र चिन्ताजनक अवस्थामा रहेको यो समस्यालाई सरकारले हल्का रुपमा लिन नहुने बताए ।

कार्यक्रममा बोल्दै एमाले पोलिटब्यूरो सदस्य खिमलाल भट्टराईले जनताले विकास चाहे पनि सरकारले गर्न नसकेको बताए । त्यस्तै प्रतिनिधि सभा सदस्य बासुदेव घिमिरेले आफू दत्तचित्त भएर लुम्बिनीलाई केन्द्रमा राखेर विकास गर्न अघि सरेको बताए । कार्यक्रममा जनप्रतिनिधि, विभिन्न दलका प्रतिनिधि आदिले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रम गैडहवा गाउँपालिका वडा नं.८ परिसरमा भएको हो । कार्यक्रम क्षेत्रीय संयोजक जीवनाथ पाण्डेको अध्यक्षता एवम् टिकाराम रिजालको सहजीकरणमा सम्पन्न भएको हो ।

# दोब्बर भाडा असुल्दै यातायात व्यवसायी

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २८ असोज



रुकुम पश्चिमका ग्रामीण सडकमा यात्रुहरुबाट यातायात व्यवसायीले मनपरि रुपमा भाडा असुल्दै आएका छन् । नेपालीहरुको महान चाड दशैं शुरु भएपछि राजधानीलगायत विभिन्न जिल्लामा अध्ययन गर्न गएका विद्यार्थी घर फर्किन थालेका छन् । यसको मौका छोपेर यातायात व्यवसायीले चर्को भाडा असुलेको यात्रुहरुको गुनोसो छ ।

आठबिसकोटको राडीदेखि मुसिकोट खलंगासम्म ४६ किलोमिटर पर्छ। राडीदेखि खलंगासम्म यात्रुले ६ सय रुपैयाँ भाडा तिर्नुपर्ने हुन्छ, तर यातायात व्यवसायीले भने यसको दोब्बर भाडा लिने गरेको यात्रुहरु बताउँछन् । दोब्बर भाडा तिरेर आफूले यात्रा गरेको आठबिसकोटका एक स्थानीयले बताए ।

महँगो भाडा तिरे पनि गाडी समयमै नछुट्ने र क्षमताभन्दा बढी यात्रु चढाउने गरेका कारण यात्रुहरुले समस्या खेप्नुपरेको छ ।

बाँफिकोटदेखि खलंगा पैदल यात्रा गर्ने हो भने २ घण्टा लाग्छ । सहज होला भनेर स्थानियहरु गाडी चढ्ने गरेका छन् । मनपरि भाडा असुल्दा खलंगादेखि आउँदा १ हजार रुपैयाँ लाग्ने गरेको यात्रुहरु बताउँछन् । जबकि बाँफिकोटदेखि खलंगा आउँदा जाँदा भाडादर ५ सय रुपैयाँ हो ।

रुकुम पश्चिममा ७३ वटा वडा छन् । ती मध्ये ७० वटा वडामा गाडी सञ्चालन भएका छन् । स्थानीयहरु सदरमुकाम खलंगा आउन गाडी चढ्नै पर्ने बाध्यता हुन्छ । त्यसको फाइदा उठाउँदै यातायात व्यवसायीले चर्को भाडा उठाउने गरेको पाइएको छ ।

# एमाले मधेश प्रदेशका सर्वसम्मत निर्वाचित पदाधिकारीले लिए शपथ



**घुरन यादव/मध्यान्ह**
सप्तरी, २८ असोज

नेकपा एमाले मधेश प्रदेशका नवनिर्वाचित पदाधिकारीले शपथ ग्रहण गरेका छन् । एमाले मधेश प्रदेश अध्यक्षमा सर्वसम्मत निर्वाचित चन्देश्वर मण्डललाई मुख्य निर्वाचन अधिकृत टिकाध्वज खड्काले शपथ ग्रहण गराए । त्यसपछि अध्यक्ष मण्डलले ४ पदाधिकारीलाई शपथग्रहण गराए ।

अध्यक्ष मण्डलले नवनिर्वाचित प्रदेश कमिटीका उपाध्यक्ष पर्साका विचारी यादव, सचिव बाराका मनोज पौडेल, उपसचिवमा आरती भण्डारी र मोहम्मद कैसलाई शपथग्रहरण गराए । यस्तै उनले लेखा समिति अध्यक्ष लक्ष्मीनारायण यादवलाई पनि ग्रहण गराए । प्रदेश कमिटीका सदस्यहरुको शपथ दसैंपछि हुने एमालेले जनाएको छ ।

## नवलपरासी डायरी
**बिनोद निगम/मध्यान्ह**

# क्षमताभन्दा बढी यात्रु बोक्दै आटोरिक्सा, ट्राफिक प्रहरी मौन



पश्चिम नवलपरासीको महेशपुरमा रहेका आटोरिक्सा चालकहरुले क्षमताभन्दा बढी यात्रु ओसारपसार गर्ने गरेका छन् । पाल्हिनन्दन गाउँपालिका वडा नं-१ महेशपुर बसपार्कदेखि महेशपुर सीमाद्वारसम्म आटोरिक्सा चालकहरुले पछाडि ५-६ यात्रु र अगाडि आफूसमेत ३ यात्रु बसालने गरेका छन् ।

क्षमताभन्दा बढी यात्रु र तीव्र गतिमा अटोरिक्सा चलाउँदा यात्रुहरुको ज्यान नै जोखिममा पर्ने गरेको छ । तर यसबारे ट्राफिक प्रहरीलाई जानकारी हुँदा पनि अहिलेसम्म कारबाही नभएको स्थानीयहरु बताउँछन् । चालकको यस्तो लापरबाहीले यदि कुनै घटना भए कसले जिम्मा लिने भन्दै स्थानीयहरुले त्यस्ता चलाकलाई कारबाही गर्न माग गरेका छन् ।

# पाल्हिनन्दनबाट अवैध औषधि बरामद



भारतबाट भन्सार छलेर ल्याउँदै गरेको अवैध औषधि इलाका प्रहरी महेशपुरले बरामद गरेको छ । पश्चिम नवलपरासीको पाल्हिनन्दन गाउँपालिका-१ बन्धामा पैदल ल्याउँदै गरेको अवस्थामा शनिबार दिउँसो औषधि बरामद गरिएको प्रहरीले जनाएको छ ।

बरामद औषधि करिब ९ लाख ८१ हजार ६२ रुपैयाँ बराबरको रहेको सूचना अधिकारी प्रहरी नायव उपरीक्षक (डीएसपी) रेशम बोहराले जानकारी दिए ।

इलाका प्रहरी कार्यालय महेशपुरबाट खटिएको प्रहरी टोलीले औषधि बरामद गरेको र प्रहरी देख्नसाथ ती पैदल यात्रु फरार भएको प्रहरीले बताएको छ । बरामद औषधि आवश्यक कारबाहीका लागि भन्सार कार्यालय महेशपुर पठाइएको प्रहरीले जानकारी दिएको छ ।

# प्रहरीद्वारा गाँजा खेती नष्ट

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २८ असोज



उदयपुरमा लगाइएको गाँजा खेती प्रहरीले फडानी गरेर नष्ट गरेको छ । जिल्लाको बेलका नगरपालिकाअन्तर्गत मैनामैनी र ताप्ली गाउँपालिकाका विभिन्न ठाउँमा पहिलो चरणमा गाँजा खेती नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

सो अभियानअन्तर्गत असोज १८ देखि २७ गतेसम्ममा १०५ रोपनीमा लगाइएको अनुमानित एक लाख १३ हजार बोट गाँजा खेती प्रहरीद्वारा फाडानी गरेर नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी नायव उपरीक्षक हरिनन्दन चौधरीले जानकारी दिए । चौधरीले बेलकाको मैनामैनी आसपासलगायत ठाउँमा इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिला र अस्थायी प्रहरी पोष्ट कोठुबाट खटिएका प्रहरी टोलीले गाँजा नष्ट गरेको जानकारी दिए । साथै उनले दोस्रो चरणको गाँजा नष्ट अभियान दशैंपछि पुनः चालु गरिने जानकारी दिए ।

# लायन्स क्लबद्वारा बझाङ भूकम्प पीडितलाई राहत



**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २८ असोज

लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एन ले बझाङ जिल्लामा गएको भूकम्प पीडित ३ सय १० घर परिवारलाई राहत वितरण गरेको छ ।

बझाङमा असोज १६ गते गएको भूकम्पले धनजनको ठूलो मात्रामा क्षति भएको थियो । बझाङको दुर्गाथली गाउँपालिकाको समन्वयमा र एलसिआईएफ इमरजेन्सी ग्रान्ट अन्तर्गत दुर्गाथली गाउँपालिकाका ३ सय १० घर परिवारलाई चामल, दाल, तेल, नुन, झुल, तन्ना र पिफ्रम वितरण गरिएको छ ।

लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एनका डिष्ट्रिक्ट गभर्नर लायन मुकुट ढकालको नेतृत्वमा गएको टोलीले दुर्गाथली गाउँपालिकाका उपाध्यक्ष जनक बहादुर दौल्यालको प्रमुख आतिथ्यतामा पालिकाका ७ वटै वडाका भूकम्प पीडितहरुका लागि राहत वितरण गरेको छ ।

राहत वितरण कार्यक्रममा डिष्ट्रिक्ट ट्रेजर लायन तेज प्रसाद अधिकारी, एओजी लायन कृष्ण प्रसाद श्रेष्ठ, कमल चौधरी, वडा अध्यक्षहरु, स्थानीय राजनीतिक दल र स्थानीय प्रहरीका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# भन्सार छलेर ल्याइएको चिनी बरामद



**सुर्खेत/मस-** सुर्खेतबाट भन्सार छलेर ल्याइएको चिनी बरामद गरिएको छ । सुर्खेतको वीरेन्द्रनगर नगरपालिका ११ स्थित प्रहरी चौकी सुब्बाकुना चेक पोष्ट अगाडिबाट प्रहरीले भन्सार छलेर ल्याइएको चिनी बरामद गरेको हो ।

नेपलगञ्जबाट दैलेखतर्फ जाँदै गरेको भे.१ ख.३१४४ नं. को ट्रक लाई चेकजाचँ गर्ने क्रममा उक्त ट्रकमा लुकाई छिपाई राखेको बिल नभएको ५० केजीका २६ बोरा र २५ केजीका २४ बोरा गरी जम्मा ५० बोरा चिनी बरामद गरिएको प्रहरीले जनाएको छ ।

# राजदेवीमा दुई पक्षबीच विवाद

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २८ असोज



रौतहटको राजदेवीमा दुई पक्षबीच एक आपसमा विवाद हुँदा अवस्था तनावपूर्ण बनेको छ। राजदेवी नगरपालिका वडा नं. १ पथरा गाउँमा ब्रम्ह स्थानमा पुजा गर्ने विषयलाई लिएर आइतबार एक-आपसमा भै झगडा हुँदा अवस्था तनावपूर्ण बनेको थियो । राजदेवी नगरपालिका अन्तर्गत रहेको पथरामा ब्रम्ह स्थानमा पुजा गर्ने विषयलाई लिएर पश्चिमी र पूर्वी पथराका स्थानीय बासिन्दाहरुबीच विवाद भएको थियो । सोहि विवादले उग्ररुप लिएपछि सुरक्षाकर्मी परिचालन गरिएको हो। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार सो क्षेत्रमा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको छ । पूर्वी पथराका मानिसहरु बाटोमा टायर बालेर प्रदर्शनमा उत्रिएपछि स्थानीय प्रशासनले अवस्थालाई साम्य पार्न प्रहरी परिचालन गरेको थियो ।


## युएईमा रोजगार | कम्पनी: Profile recruitment-sole proprietorship LLC
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०८०/०२/२८ चलानी नं.: ६०२०२९३९ L.T. No.:287503 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Laborer | 33 | 0 | स. काममा दक्ष | 800 | २८,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक ६ गते (23 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

S. P. M. OVERSEAS PVT. LTD.
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Mob.: 9840998620 / 9842151398 / 9813127393
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com
Gov. Lic No. 817/066/067

## Kuwait मा वैदेशिक रोजगारको अवसर
कम्पनी: KAREEM RESTAURANT COMPANY WITH SERVICE. शहर: KUWAIT GOVERNORATE
पूर्व स्वीकृत मितिः २०८०/०४/२३ चलानी नं.: ६०१८५३५८ LT. No.: 269077 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter / Waitress (Service Provider | 15 | 14 | सम्बन्धित काममा दक्ष | 100 | ३६,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Helper | 0 | 2 | | 100 | ३६,४४० | | | | | | | |
| 3. | Cleaner (Labour/General Worker) | 6 | 3 | | 90 | ३२,७९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक ५ गते (23 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Reva Overseas Pvt. Ltd.
Sinamangal -9, Kathmandu, Phone : 4591430
Mob.: 9851119680, 9851238207, 9803565981,9841308023
E-mail : info@revaoverseas.com.np, Web.: www.revaoverseas.com.np
Govt Lic. NO. 1070/073/074

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२९ असोज २०८०, सोमबार
16 October 2023, Monday

सम्पादकीय

## कोशीमा देखिनुपर्ने विवेक

**प्रदेशसभा निर्वाचन सम्पन्न भएको ९ महिनाभित्रै पाँचौ सरकार गठन भएको कोशी प्रदेशमा फेरि शक्ति संघर्ष सतहमा देखिएको छ । नवनियुक्त मुख्यमन्त्री केदार कार्कीले शपथ लिदै नेकपा एमाले र नेपाली कांग्रेसका एक/एक जनालाई मन्त्री नियुक्त गरेका छन् । तर नियुक्त मन्त्रीहरूको कार्यविभाजन गरिएको छैन । प्रदेशसभाको सवैभन्दा ठूलो दल एमालेका ३९ प्रदेशसभा सदस्यकै समर्थनमा कार्की मुख्यमन्त्री नियुक्त भएका हुन् । तर राजधानी उपत्यकामा शीर्ष नेताहरूसँग भेटेर फर्किएका मुख्यमन्त्री कार्कीले कार्यविभाजन नगरी मन्त्रिपरिषद् बिस्तार गरे । यसले फेरि पनि संशय बढाएको छ । किनकि कांग्रेसको संस्थागत निर्णयमा विद्रोह गरी मुख्यमन्त्री बनेका कार्की फेरि दोधारमा परेको देखिन्छ । काठमाडौंमा सत्तारूढ गठबन्धनले नै समर्थन गर्ने निर्णय गरेकाले पनि मुख्यमन्त्री कार्की दोधारमा परेको प्रष्ट देखिन्छ ।**

**तर मुख्यमन्त्री कार्कीको दोधारले कोशी प्रदेश अर्को अलमलमा धकेल्ने पक्का छ । किनकि सत्तारूढकै समर्थन लिए र मन्त्रिपरिषद् बिस्तार गरेमा एमालेले विश्वासको मत नदिने अडान लिएको छ । ६ सिटको राप्रपाले विपक्षमा बस्ने निर्णय लिइसकेको छ । एमाले र राप्रपाले साथ नदिए मुख्यमन्त्री कार्कीले विश्वासको मत नपाउने संभावना बढी छ । किनकि सत्ता गठबन्धनसँग ४७ सांसद भएपनि एमाले र राप्रपाले विश्वासको मत लिनेगरी सभाको अध्यक्षता नगरिदिन सक्छन्, त्यस्तो अभ्यास यसअघि भइसकेको छ । सत्तारूढ गठबन्धनबाट यसअघि मुख्यमन्त्रीको दुईपटक शपथ लिएर पनि कांग्रेसका उद्धव थापाले एमाले र राप्रपाको साथ नपाएकाले पद जोगाउन सकेका थिएनन् । तसर्थ फेरि पुरानै चक्रमा कोशीको सरकार जान सक्छ ।**

**तर यसपटक कोशी प्रदेशसभालाई अर्को सरकार बनाउने सुविधा हुनेछैन । किनकि कार्की संविधानले सरकार बनाउन दिएको अन्तिम विकल्प उपयोग गरेर मुख्यमन्त्री बनेका हुन् । संविधानको धारा १६८ (५) बमोजिम मुख्यमन्त्री बनेका कार्कीको काँधमा बाँकी प्रदेशसभाको कार्यकाल चलाउनुपर्ने दायित्व र अवसर छ । तर प्रारम्भिक गतिविधि र निर्णय हेर्दा उनले बाँकी कार्यकाल सरकार चलाउन सक्ने संभावना कमजोर बनेको छ । अनि शीर्ष नेतृत्वले पनि सत्तालाई मात्रै केन्द्रमा राखेर निर्णय गरिरहेको देखिन्छ । तर शीर्ष नेताहरूकै स्वार्थका कारण कोशी प्रदेश चुनाव भएको एक वर्षभित्रै मध्यावधिमा धकेलिने खतरा बढेको छ । सरकार बनाउन प्रष्ट जनादेश भएर पनि प्रदेशलाई मध्यावधिमा धकेल्नु भनेको दलहरूको असफलता हो, संविधानको होइन । तर संघको सत्ता–स्वार्थमा कोशी प्रदेश त्यही बाटो धकेलिने खतरा बढेको छ । यसले आमनागरिकमा निराशा बढ्ने र दलहरूप्रति नकारात्मक दृष्टिकोण बन्ने संभावना छ । तसर्थ नेतृत्वले यसतर्फ सोचेर थप कदम चाल्न जरूरी छ ।**

# राष्ट्रियता भुलेको संघीयता ?

अग्रलेख



● मेघराज भट्टराई

महाविद्वानहरु आफ्नो व्याख्या समय र स्थानअनुसार होइन उनको व्यक्तिगत स्वार्थअनुरूप गर्ने गरेका छन् । सधैँभरि कम्युनिष्टको नीति सिद्धान्तको पाठ सिकाउनेहरु आफूलाई शीर्ष स्थानमा राखेर व्याख्या गरेको भेटिन्छन् । उनीहरू जहिले पनि इटली, जर्मनी, फ्रान्स, रुस अनि चाइनाका विषयमा कुरा गर्छन् । क्लास दिन्छन् । लेख किताब भाग-भाग गरेर लेख्न तयार छन् । तर आफू बसेको देशको बारेमा एउटा रत्तिभर चिन्ता छैन । यहाँको संस्कृति, कला साहित्य, राष्ट्र निर्माणको बारेमा कुनै छलफल विचार हुँदैन । यहाँको भाइचारा, सामाजिक सद्भाव यहाँको माटो, यहाँको वातावरण नेपाली संस्कारको बारेमा किन यहाँ राम्रो कुरा सिकाइँदैन । यहाँ बस्ने हरेक मान्छेले खान लगाउन जीवन चलाउन छोडेको पनि छैन । बुबाआमा, हजुरबुवा, हजुर आमा, फूफू फुवाजु, माइलो बुवा, कान्छो बुवा, आमाहरू, दिदी, दाजु, मान्यवरको खुट्टा ढोग्नु जस्ता हाम्रा सम्बन्धलाई सजीव राख्ने परम्पराहरूको नास गर्ने कुरा बाहेक अरु के चिज हामीलाई सिकाइयो ? यहाँ हामीले डोको, डालो, नाम्लो, ठेकी, हर्पे, गाबु, मदानी, खुर्पेटो, हसिँया, कोदालो, फरुवा, हलो, फालो, हाम्रो जमिन हाम्रो वन जंगल, खोला पानी, ढुङ्गा माटो, काठ, घाँस दाउराको बारेमा अध्ययन खै ? किन यहाँको नाच बाध्यबादन मनोरञ्जनको बारेमा सिकाइँदैन ?

भुगोल, इतिहास, कृषि, जनताको सम्बन्ध, जन्म, मृत्यु, विवाहको बारेमा सिक्नै नपर्ने हामी सर्वज्ञानी भएर हो त ? उत्पादन आत्मनिर्भर अर्थतन्त्र जीवनशैलीको जानकारी हरेक नागरिकको लागि होइन र ? आज हाम्रो देश वृद्धाश्रम जस्तो भएको छ । नागरिकविहीन राष्ट्र निर्माणमा हाम्रो संलग्नता छैन र ? युवाशक्ति बिना कुन राष्ट्रको निर्माण भएको छ ? राजनीतिक पार्टीको झोला बोक्ने कार्यकर्ता बाहेक स्वतन्त्र नागरिक यो देशमा भेट्न नसकिने स्थिति बनेको देखेर पनि एउटा व्याख्या गरेर आफ्नो भोटो झार्ने परम्पराबाट मुक्त हुन किन सकेका छैनौ ?

ठूलो पार्टी बनाउन, धेरै पार्टी सदस्य बनाए । तिनी पार्टी सदस्यहरूलाई घुमेर खाने बानी बसाले । आय श्रोत बिना पार्टीका नेता कार्यकर्ता पार्टी सदस्यको जीवन धान्न श्रोत नभएपछि के गरुन् ? पेशा नै राजनीति बनाएपछिको परिणाम हो संघीयता । जनताको हक अधिकारको लागि आएकै होइन यो संघीयता । आफ्ना नेताहरूको व्यवस्थापनको लागि प्रदेश निर्माण गरियो । केन्द्रमा झैं प्रदेश प्रमुख, सभामुख, मुख्यमन्त्री, सभासद, मन्त्रीहरू, प्रतिपक्ष दलको नेता, अस्थिर पद किनबेच केही बाँकी छ र ? यदि नेताहरूले राजनीतिलाई सेवामूलक बनाएको भए, यो स्थिति नै आउने थिएन । उत्पादनसँग जोडिएर आफ्ना नेता तथा कार्यकर्तालाई लाग्न निर्देशन गरेको भए, यो सात/सात वटा संसद्, मन्त्रिमण्डल, यो महँगो संरचनाको आवश्यकता नै छैन । नेपाली जनतालाई विदेशमा बेचेर, अनेक राष्ट्रहरूसँग श्रम सम्झौता गरेर, आफूलाई सधैँ सत्तामा राज गर्ने यो लुटतन्त्रको अन्त्य हुन जरुरी छ ।

विदेशबाट खाद्यान्न मात्रा आयात भएन, धर्म संस्कृति, विलासिता, जालझेल, विकृति पनि आयात भयो । कुनै जमानामा संसारमै खुशी



*पेशा नै राजनीति बनाएपछिको परिणाम हो संघीयता । जनताको हक अधिकारको लागि आएकै होइन यो संघीयता । आफ्ना नेताहरूको व्यवस्थापनको लागि प्रदेश निर्माण गरियो । केन्द्रमा झैं प्रदेश प्रमुख, सभामुख, मुख्यमन्त्री, मन्त्रीहरू, प्रतिपक्ष दलको नेता, अस्थिर पद किनबेच केही बाँकी छ र ?*

भनिएका नेपाली आज निराश, अस्थिर, दुःखी, हिंस्रक, अराजक कसरी भए ? जातीय तथा धार्मिक लडाइँले अरबका देश अफ्रिकन देश र एसियाकै कयौं देश बर्बाद भएको हामीले नै देखेका होइनौ र ? हामीबीचका धमिरा लागेको जातीय छुवाछुत जस्ता अपराध आज पनि सकिएको छैन । २०२१ साल मै जातीय विभेदको कानुनीरूपमै अन्त्य गर्न कानुन बनेको भए पनि झन्डै ६०वर्षसम्म यो नरोकिनुको पछाडिको कारण खोज्न जरुरी छ । नकि आरक्षण दिएर सडकको लागि यही परम्परा कायम गराउने र आफ्नो स्वार्थ पुरा गराउने खेल चलाउन ।

आज यो देश पागलखाना जस्तो भएको छ । अपराधीहरूलाई छुट छ, इमानदार सोझा, सिधा मान्छेको बनिवास छ । यो देशमा न कुनै युद्ध छ, न भोकमरी नै छ, न प्राकृतिक प्रकोप नै छ तर, पनि २७०० मान्छेहरू दैनिकरूपमा विमानस्थलबाट बाहिरिएका छन् । खुला सिमानाबाट बसमा कति जाँदा हुन् ? कसैसँग यसको जवाफ छैन । गरिबको छोरा छोरी विदेश जानु काम गर्नु, पैसा कमाउनु, बुझ्न सकिने कुरा हो, त्यो उसको बाध्यता हो । तर, प्रशस्त जग्गा जमिन भएका, यहाँ राम्रो आय श्रोत भएका, जागिर भएका युवाहरू पनि यो देश छोडेर विदेश जाँदा ज्यादा खुशी व्यक्त गर्छन् । बधाई छ भनेर सामाजिक सञ्जालमा खुशी मनाउनेको धुइरो किन ?

यति सुन्दर देश, जहाँ हिमाल, पहाड, तराईसहितको बनावट, हरियाली, खोला, वन जङ्गल सबै छ । यहीँबाट भाग्न किन चाहे नागरिकले ?

